# आफ्नो कानूनी अधिकार थाहा पाउनुहोस्



Nepali (Bhutan) | नेपाली भूटानी

Hobart Community Legal Service
providing legal direction

migrant resource centre
tasmania

# गिरफ्तार गरिएमा

| | |
|---|---|
| गर्नुहोस्ः | शिष्ट हुनुहोस् |
| गर्नुहोस्ः | तपाईंको नाम, ठेगाना (र यदि तपाईं इजाजत प्राप्त स्थलमा हुनुहुन्छ भने तपाईंको उमेर) बताउनुहोस्। |
| गर्नुहोस्ः | पुलिस चौकीबाट कुनै वकिल वा जिम्मेवार बालिग व्यक्तिलाई टेलिफोन गर्न अनुरोध गर्नुहोस्। (यदि तपाईं १७ वर्ष वा कम उमेरको हुनुहुन्छ भने तपाईंलाई यस्तो फोन गर्न पाउने अधिकार छ। यदि तपाईंको उमेर १८ वर्ष वा माथि छ भने, पुलिसले केही निश्चित आधारहरू भएमा तपाईंलाई ४ घण्टासम्म त्यो अधिकार नदिन सक्छ)। |
| गर्नुहोस्ः | स्पष्ट रूपमा बताउनुहोस् कि आफ्नो वकिलसँग कुरा नगरेसम्म तपाईं कुनै पनि प्रश्नको उत्तर दिनुहुने छैन्। |
| गर्नुहोस्ः | जमानतको लागि अनुरोध गर्नुहोस् (यदि तपाईंलाई हिरासतमै थुनिन लागेको भए)। |
| नगर्नुहोस्: | अभद्र नबन्नुहोस् |
| नगर्नुहोस्: | पक्राउ गर्दा प्रतिरोध नगर्नुहोस् |
| नगर्नुहोस्: | आफ्नो वकिलसँग कुरा नगरेसम्म कुनै कुराको दोष स्वीकार नगर्नुहोस् – जब तपाईं अदालतमा पुग्नुहुन्छ ड्यूटी वकिलसँग भेट्न अनुरोध गर्नुहोस्। अथवा, कार्यालय समयमा होबार्ट कम्युनिटी लिगल सर्भिस (HCLS) लाई ६२२३ २५०० मा सम्पर्क गर्नुहोस्। |
| यदि सोधिएमा | यदि तपाईंलाई लागू पदार्थ सहित फेला पारिएमा तपाईंले त्यो कसरी पाउनुभयो भन्ने स्रोत खुलाउनु अनिवार्य छ। |

# गिरफ्तार गरिएमा

तपाईंलाई गिरफ्तार नगरेसम्म तपाईं सोधपुछ गर्न वा कुनै अन्य कारणको लागि प्रहरी अधिकारीसँग कतै जानु पर्दैन्। यसमा अपवाद भनेको यदि तपाईंलाई ब्रीथलाइजर (माद्यक पदार्थ सेवनको जाँच) र/वा लागू औषधि परीक्षण गर्न निर्देशित गरिन्छ भने त्यसको पालना गर्नु पर्छ। यदि तपाईंले परीक्षण गर्न अस्वीकार गर्नुहुन्छ भने पुलिससँग तपाईंलाई गिरफ्तार गर्ने अधिकार हुन्छ।

तपाईंलाई गिरफ्तार गरिएको छ भने तपाईंलाई प्रायः सुचित गरिन्छ। यदि तपाईं निश्चित हुनुहुन्न भने, पुलिस अधिकारीहरूलाई सोध्नुहोस्।

यदि पुलिसले तपाईंलाई गिरफ्तार गरेको छ भने मात्र उनीहरूसँग तपाईंलाई सोधपुछको लागि समात्ने अधिकार हुन्छ। तपाईंले उनीहरूको प्रश्नहरूको उत्तर दिन वा कुनै बयान दिनु आवश्यक छैन्। यदि तपाईं १८ वर्ष भन्दा कम उमेरको हुनुहुन्छ र बयान दिन चाहनु हुन्छ भने तपाईसँग एक निष्पक्ष व्यक्ति उपस्थित हुनु आवश्यक छ र सो व्यक्ति को हुन्छ भन्नेर तपाईंले रोज्न सक्नुहुन्छ, जस्तै वकिल, युवा कार्यकर्ता वा अभिभावक आदि।

यदि पुलिसले तपाईंलाई रिहा गर्दैन भने, उनीहरूले तपाईंलाई हिरासतमा लिइसके पछि यथासम्भव चाँडो न्यायाधीशको अगाडी ल्याउनु पर्छ।

गिरफ्तार गर्न लाग्दा यो कार्ड ननिकाल्नुहोस्

**Hobart Community Legal Service**
166 Macquarie Street
Hobart Tasmania 7000
फोन: (03) 6223 2500

**Hobart Community Legal Service**
Covehill Fair Shopping Centre
Bridgewater Tasmania 7030
फोन: (03) 6263 4755

**Migrant Resource Centre Tasmania**
Level 2, 1A Anfield St Glenorchy
Tasmania 7010
फोन: (03) 6221 0999